**सूचनाको हक सम्बन्धी ऐन, २०६४** को दफा ५ (३) र **सूचनाको हक सम्बन्धी नियमावली, २०६५** को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आ.व. २०८२/८३ को असार मसान्त सम्म**

**(स्वतः प्रकाशन)**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**

**२०८३ श्रावण**

**सूचनाको हक सम्बन्धी ऐन, २०६४** को दफा ५ (३) र **सूचनाको हक सम्बन्धी नियमावली, २०६५** को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**१.कम्पनीको स्वरूप र प्रकृतिः**

**पृष्ठभूमि**

नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तव्यमा नेशनल ट्रेडिङ लिमिटेडलाई नेपाल खाद्य संस्थानमा गाभी राष्ट्रिय आपूर्ति कम्पनी गठन गर्ने कुरा उल्लेख भएको । उक्त बजेट बक्तव्यमा उल्लिखित नीति कार्यान्वयनको क्रममा मिति २०१८ चैत्र १८ गते स्थापित नेशनल ट्रेडिङ लिमिटेड र मिति २०३१ मंसिर १७गते स्थापित नेपाल खाद्य संस्थानलाई गाभेर नयाँ सरकारी कम्पनीका रुपमा **"खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड "** गठन गर्ने नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/१०को निर्णयअनुसार मिति २०७६ श्रावन २८ गते कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई औपचारिक रुपमा **"खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड "** स्थापना भएको छ ।

**दीर्घकालीन सोच**

खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्न सक्ने एक सक्षम व्यवसायिक संस्थाको रुपमा स्थापित हुने ।

**परिलक्ष्य**

खाद्य संकटग्रस्त क्षेत्र तथा विपन्न जनताको खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्दै प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेली व्यवसायिक रुपमा सक्षम संस्थाको रुपमा स्थापित हुने ।

## उद्देश्यहरु

- खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्ने ।
- किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मुल्य एवं गुणस्तरका अत्याबश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने ।
- उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यवसायिक क्रियाकलाप विस्तार र विविधिकरण गर्दै दिगो आय आर्जन गर्ने ।
- अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न आवश्यक सहयोग पुर्याउने ।
- कम्पनीलाई व्यवसाय—उन्मुख एवं उत्तरदायी बनाउने

## रणनीतिहरु

**(क) खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्ने उद्देश्य अन्तर्गतः**देशमा उत्पन्न हुनसक्ने खाद्य संकटको बेला प्रयोग गर्ने गरी रणनीतिक स्थानहरुमा सुरक्षित भण्डारणको व्यवस्था तथा प्रभावकारी मौज्दात व्यवस्थापन सहित राष्ट्रिय खाद्य सुरक्षा र सार्क खाद्य सुरक्षाको लागि तोकिएको परिमाणमा अत्यावश्यक खाद्य वस्तुको मौज्दात (Buffer Stock) राख्ने ।

- देशका खाद्य संकटग्रत क्षेत्र र विपन्न जनताको खाद्य सुरक्षाका लागि बितरण प्रणालीलाई सुदृढ गर्दै आबश्यक खाद्य वस्तु सम्बन्धित स्थान/क्षेत्रमा समयमैं ढुवानी गरी बिक्रीवितरण वा आपूर्ति गर्ने/गराउने ।

**(ख) किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्याबश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्नसक्ने गरी बजार निर्माताको भूमिका खेल्ने उद्देश्य अन्तर्गतः**

- खाद्य सुरक्षाकालागि सुरक्षा भण्डारणमा राख्नुपर्ने, मूल्य स्थिरीकरणका लागि प्रयोग गर्नुपर्ने र व्यवसायिक प्रयोजनका लागि आबश्यक पर्ने खाद्य तथा अन्य वस्तुहरु खरिद तथा प्राप्त गर्ने ।
- आधुनिक गोदामको व्यवस्था गरी त्यसमा किसानका उत्पादनहरुले अपेक्षित मूल्य नपाउँदासम्म भाडामा राखिदिने र त्यस्ता गोदाममा राखिएका वस्तु किसानले बिक्री गर्न नसके कम्पनीले खरिद गरिदिने व्यवस्था गर्ने ।
- कम्पनीसँग उपलब्ध खाद्यलगायतका अन्य वस्तुहरु कुटानी/उत्पादन वा प्रशोधन/प्याकेजिङ गरी सुरक्षित भण्डारण गर्ने, गुणस्तर कायम राख्ने ।
- कम्पनीका खाद्य तथा अन्य वस्तु उपभोक्तालाई प्रतिस्पर्धी वा सूपथ मूल्यमा बिक्री, बितरण वा आपूर्ति गर्ने व्यवस्था मिलाउने ।
- भौगोलिक तथा जलवायु विविधताअनुरुप उत्पादन हुने तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी सोको बजारीकरण गरी विक्री वितरण गर्ने ।
- देशमा अत्यावश्यक वस्तुको आपुर्ति व्यवस्थालाई सहज र सन्तुलित बनाई राख्ने कार्यमा वणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र आपूर्ति व्यवस्थासँग सम्बन्धित नेपाल आयल निगम, साल्ट ट्रेडिङ्ग कम्पनी, दुग्ध विकास संस्थानजस्ता सरकारी निकायहरुसँग समन्बय र सहकार्य गर्ने ।

**(ग) उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यवसायिक क्रियाक्लाप विस्तार र विविधीकरण गर्दै दिगो आय आर्जन गर्ने उद्देश्य अन्तर्गतः**

- कम्पनीको स्वामित्वमा रहेका घर-जग्गाजस्ता अचल सम्पत्तिको अध्यावधिक विबरण तयार गरी संरक्षण गर्ने एवं उपयुक्तविधि (सरकारी निजी साझेदारी समेतबाट अधिकतम उपयोग गरी नियमित र दिगो आयआर्जनको व्यवस्था मिलाउने ।
- जीर्ण अवस्थाका गोदामहरुको मर्मत सम्भार र पुनःनिर्माण गरी गोदामको क्षमता अभिवृद्धि गर्ने ।
- विक्री वा निकासी सम्भाव्य खाद्य तथा अन्य तुलनात्मक लाभका वस्तुहरु पहिचान गर्ने र निजी क्षेत्र प्रबेश नगरेको वा प्रबेश गर्न नसक्ने क्षेत्रहरु पहिचान गरी त्यस्ता क्षेत्रका वस्तु वा सेवाको व्यवसायिक कारोबार गर्ने ।
- समय-सापेक्ष प्याकेजिङ र ब्राण्डिङमा जोड दिंदै व्यापार विविधीकरण र निरन्तर बजारीकरणमा जोड दिने ।
- आफ्ना ब्राण्डका उत्पादनहरु राष्ट्रिय अन्तरराष्ट्रिय बजारमा पुर्याई बिक्री वितरण गर्न उपयुक्त सन्जाल वा माध्यम (Network) को विकास गर्ने ।
- विद्युतीय व्यापार (e-commerce) को प्रयोग गर्ने, सहायक कम्पनी खोली व्यवसायिक कारोबार विस्तार गर्ने आबश्यकतानुसार ख्याति प्राप्त कम्पनी वा वस्तुको फ्रेन्चाइज वा एजेन्सी लिएर कारोबार गर्ने गरी व्यवसायिक क्रियाक्लाप विस्तार एवं बिक्री प्रबर्धन गर्दै आयआर्जन बढाउँदै लैजाने ।

**(घ) अत्याबश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीतिनिर्माण गर्न आवश्यक सहयोग पुर्याउने उद्देश्य अन्तर्गतः**

- देशमा भौगलिक क्षेत्रगत वा प्रदेशगत वा जिल्लागत अत्याबश्यक वस्तु तथा सेवाको उत्पादन तथा पैठारी, माग तथा आपूर्ति र मूल्य स्थितिको अभिलेख राख्ने, त्यस्तो सूचनाको अभिलेख अध्यवधिक गरी विश्लेषण गरेर सार्वजनिक गर्ने/गराउने ।


- अत्याबश्यक वस्तु तथा सेवाको उत्पादन तथा पैठारी, माग तथा आपूर्ति र मूल्य स्थितिको अध्ययन र उपलब्ध तथ्यांकका आधारमा आफ्ना कारोबारहरुलाई निर्देशित गर्ने/गराउने ।
- तालुक मन्त्रालयलाई राष्ट्रिय आपूर्ति तथा बाणिज्य नीति र योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा र खाद्यलगायतका अत्याबश्यक वस्तु तथा सेवाको मूल्य सुची निर्धारणमा सुझाव र सहयोग गर्ने ।

**(ङ.) कम्पनीलाई व्यवसाय–उन्मुख एवं उत्तरदायी बनाउने उद्देश्य अन्तर्गतः**

- प्रादेशिक संरचना अनुकूल, समसामयिक, व्यवसाय–उन्मुख, चुस्त र उत्तरदायी बनाउने ।
- निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी पूर्ण व्यापारिक एवं व्यावसायिक संस्थानको रुपमा स्थापित हुनका लागि आबश्यक नीति, नियम वा विनियम, कार्यविधिहरु, निर्देशिकाहरु बनाउदै वा सुधार गर्दै जाने ।
- कम्पनीका कर्मचारीको क्षमता अभिबृध्दि गर्ने, गराउने र आबश्यकताअनुसार विषयगत क्षेत्रका विज्ञहरुको सेवासमेत लिने ।
- व्यवसायिक सफलताको लागि अध्ययन, अनुसन्धान र नयाँप्रविधिको अन्वेशन गर्ने कार्य निरन्तर जारी राख्ने र अन्तराष्ट्रिय असल अभ्यासको आवश्यकतानुसार अनुशरण गर्ने ।
- कम्पनीको मूलकार्य क्षेत्रसँग सम्बन्धित क्षेत्रका अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क बढाई कम्पनीको हितमा आबश्यक सहयोग लिने/दिने ।
- कम्पनीको काम-कारवाहीमा सूचना प्रविधिको प्रयोग, आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणर सुशासन सुदृढ गरी कम्पनीलाई उत्तरदायी सक्षम व्यवसायिक संस्था बनाउने ।

२ **संगठनात्मक स्वरुप**

नेपाल सरकारको खाद्य नीति कार्यान्वयन गर्ने आधिकारिक निकायको रुपमा देशभर खाद्यान्न आपुर्ति ब्यवस्था मिलाउन देशका बिभिन्न जिल्लामा कामको प्रकृति, चाप र स्वरुप हेरी कम्पनिको प्रधान कार्यालय, प्रादेशिक कार्यालय , मुख्य शाखा कार्यालय, शाखा कार्यालय र डिपो कार्यालयहरु स्थापना गरेको छ । जसलाई देहायबमोजिम उल्लेख गरिएको छ।




https://fmtc.org.np/

## ३.कम्पनीमा रहने कर्मचारी संख्या र कार्य विवरणः

| | कार्यरत कर्मचारी |
|---|---|
| अधिकृतस्तर | १२८ |
| सहायकस्तर | १५८ |
| तह विहिन, सवारीचालक समेत | २५ |
| जम्मा | ३११ |

- कम्पनीमा स्वीकृत दरबन्दी अनुसारका प्रशासनिक, प्राविधिक र तहगत कर्मचारीहरू कार्यरत रहेका छन्।

## ४. कम्पनीले प्रदान गर्ने सेवा तथा सम्पादन गर्ने प्रमुख कार्यहरू

यस कम्पनीले आफ्नो प्रबन्धपत्रको दफा ४ को व्यवस्था र नेपाल सरकारको नीति बमोजिम आम नागरिक र राज्यका लागि देहायका सेवा तथा कार्यहरू एकीकृत रूपमा प्रदान गर्दछः

### क. खाद्य सुरक्षा र भण्डार व्यवस्थापन (Food Security & Buffer Stock):

- **राष्ट्रिय खाद्य सुरक्षा भण्डारः** नेपाल सरकारको निर्देशन अनुसार खाद्य संकट वा विपद्को समयका लागि 'राष्ट्रिय खाद्य सुरक्षा भण्डार' र 'सार्क खाद्य बैंक' मा आवश्यक परिमाणमा खाद्यान्न (चामल र गहुँ) मौज्दात (Buffer Stock) राख्ने।
- **संवैधानिक दायित्वः** संविधानको धारा ३६ बमोजिम नागरिकको खाद्य सम्प्रभुताको अधिकारलाई सुनिश्चित गर्न खाद्यान्नको पर्याप्त मौज्दात र आपूर्ति व्यवस्थापन गर्ने।

### ख. किसान हित र न्यूनतम समर्थन मूल्य (MSP Implementation):

- **खरिद सेवाः** किसानहरूलाई उनीहरूको उपजको उचित मूल्य सुनिश्चित गर्न सरकारले तोकेको **न्यूनतम समर्थन मूल्य**मा धान, गहुँ जस्ता खाद्यान्न सिधै किसानबाट खरिद गर्ने।
- **रैथाने बाली प्रवर्द्धनः** स्थानीय स्तरका रैथाने बालीहरू स्थानीय तह,सहकारी मार्फत खरिद गरी बजारीकरण र संरक्षण गर्ने।

### ग. आपूर्ति, ढुवानी तथा वितरण (Supply & Logistics):

- **दुर्गम क्षेत्र सेवाः** खाद्यान्न न्यून भएका हिमाली तथा दुर्गम पहाडी जिल्लाहरूमा नेपाल सरकारको अनुदान सहयोगमा खाद्यान्न ढुवानी गरी सहुलियत दरमा बिक्री वितरण गर्ने।
- **देशव्यापी आपूर्तिः** देशमा उत्पादित खाद्य वस्तु, उपभोग्य वस्तु र कच्चा पदार्थ खरिद गरी देशभरिका आफ्ना शाखा तथा डिपोहरूमार्फत उचित मूल्यमा उपलब्ध गराउने।

घ. **बजार स्थिरीकरण र गुणस्तर (Market Stabilization & Quality):**

- **मूल्य नियन्त्रणः** खाद्यान्नको मूल्यमा अस्वाभाविक वृद्धि वा कालोबजारी भएको अवस्थामा हस्तक्षेप गरी बजार मूल्य नियन्त्रण र सन्तुलन कायम गर्ने।
- **गुणस्तर नियन्त्रणः** खाद्यान्नको आधुनिक प्रशोधन, ग्रेडिङ र प्याकेजिङ गरी उपभोक्तालाई गुणस्तर प्रमाणित वस्तु मात्र उपलब्ध गराउने।

ङ. **आधुनिक व्यापार तथा ई-कमर्श (Modern Trade & E-commerce):**

- **नेपाल फूड (Nepal Food):** यसै ब्रान्डमार्फत आधुनिक प्रविधिको प्रयोग गरी **अनलाइन होम डेलिभरी** सेवा प्रदान गर्ने।
- **डिजिटल बिलिङः** पारदर्शी सेवाका लागि बिक्री कक्षहरूमा कम्प्युटरीकृत बिलिङ (Computerized Billing) प्रणाली लागू गर्ने।

च. **सामाजिक उत्तरदायित्व र सहुलियत कार्यक्रम (Social Welfare):**

- **सुपथ मूल्य पसलः** मुख्य चाडपर्वहरूमा सर्वसाधारणलाई राहत दिन नेपाल सरकारको निर्देशन बमोजिम विशेष छुट सहितका सुपथ मूल्य पसलहरू सञ्चालन गर्ने।
- **विशिष्ट सेवाः** कर्णाली प्रदेशका ५ जिल्लाहरूमा जन्म र मृत्यु संस्कारका समयमा तोकिए बमोजिम **३० केजी निःशुल्क चामल** उपलब्ध गराउने।

## ५.विक्रि हुने वस्तुहरूः

| S.N | Food items | S.N | Non Food items |
|---|---|---|---|
| 1. | DDC Fresh Milk Bottle | 1. | A4 PAPER (210MM*297MM) 80GSM BLUE RIMS |
| 2. | DHANIYA Powder 200 GRM | 2. | A4 PAPER (210MM*297MM) 80GSM YELLOW RIMS |
| 3. | Himalayan Rajma 1 K.G. | 3. | Aura Beauty Soap 100 gram Rose |

| | | | |
|---|---|---|---|
| 4. | Nebico 350 Gram Oats 24 pkts (Zipper) | 4. | Aura Beauty Soap 100 gram Sandal |
| 5. | Nebico Cornflakes 300 Gram (ATC) | 5. | Aura Beauty Soap 100 gram Silky Touch |
| 6. | Nebico Cornflakes 500 Gram (8 Jar) | 6. | Aura Beauty Soap100 gram Antiseptic Alcohol |
| 7. | Nebico Cornflakes 500 Gram (pouch) | 7. | Aura Care Pop upTissue Paper110 Premium |
| 8. | Nebico Oatsmeal 450 Gram | 8. | Aura Care Tissue Paper 100 Pulls |
| 9. | Nebico Oatsmeal 900 Gram | 9. | Aura Care Tissue Paper 200 Pulls |
| 10. | 100 PIPER 1000 ML | 10. | Aura Handwash 250 ml |
| 11. | ABSOLUTE VODKA 1000 ML | 11. | Aura Handwash 750 ml |
| 12. | ANMOL DHANIYA DANA 400 GRM PKT | 12. | Aura Home Floor Cleaner 500ml |
| 13. | ANMOL JEERA DANA 1 KG PKT | 13. | Aura Shampoo 5 ml ( 120 pc per pkt) |
| 14. | Anmol Jeera Dana500 GRM PKT | 14. | AuraBeauty Soap 100 gram Cucumber |
| 15. | Aruwa Mota Chamal | 15. | BIC 149 Induction Cooktop(1 pc with Combo Set) Lunar 2000w |
| 16. | Aruwa Sona Mansuli Chamal | 16. | Dhoni Laundry Soap 1500 gram (6 pcs FP) |
| `17. | Bajeko Birayani Masala 50 gram | `17. | Dhoni Detergent Powder 3000 gram (Bucket) |
| 18. | Bajeko Bone Soup Masala 50 gram | 18. | Dhoni Expert Matic Surf 1000 gram |
| 19. | Bajeko Chat Masala 100 gram | 19. | Dhoni Herbal Dishwash Cake 150 gram Gray |
| 20. | Bajeko Chatpatei Masala 50 gram | 20. | Dhoni Herbal Dishwash Cake 75 gram Gray |
| 21. | Bajeko Chicken Masala 100 gram | 21. | Dhoni Herbal Liquid Dishwash 500 ml |
| 22. | Bajeko Curry Masala 100 gram | 22. | Dhoni Jumbo Laundry Soap 200 gram |
| 23. | Bajeko Garam Masala 100 gram | 23. | Dhoni Kleen Phenyle 1000 ml |
| 24. | Bajeko Meat Masala 100 gram | 24. | Dhoni Kleen TC (500*8) |
| 25. | Bajeko Mo:Mo Masala 100 gram | 25. | Dhoni Kleen Toilet Cleaner 500 ml |
| 26. | Bajeko Pakku Masala 50 gram | 26. | Dhoni Kleen Toilet Cleaner+Phenyle 500 ml |
| 27. | Bajeko Panipuri Masala 50 gram | 27. | Familiar Face Pack Cream 120 gram |
| 28. | Bajeko Sekuwa Masala 100 gram | 28. | Familiar Odo Care deodrant spray 120 ml |
| 29. | Bajeko Thukpa Masala 50 gram | 29. | Familiar Skin Care Soap 80 gram |
| 30. | BALLANTINES 1000 ML | 30. | Familiar Sun Block Cream 100 gram |
| 31. | Beaten Rice | 31. | Familiar Active Odo Care 100 ml |
| 32. | BEEFEATER LONDON-DRY GIN 1000 ML | 32. | Familiar Aloevera Glycerine 50 ml |
| 33. | Bhansaghar Masyoura 200 GRM | 33. | Familiar Evergreen Cream 100 gram |
| 34. | Bhojpure Simi | 34. | Familiar Keshamrit Ginger Shampoo 500 ml |

| | | | |
|---|---|---|---|
| 35. | BOMBAY SAPPHIRE 1000 ML | 35. | FR Plastic Bora |
| 36. | CAMPARI BITTER 1000 ML | 36. | Gas Only |
| 37. | Chana | 37. | Himgiri No. 1 Toilet Soap 50 gram Rose |
| 38. | Coconut Cr. 25+7 Gm.(12*12) | 38. | Himgiri No. 1 Toilet Soap 50 gram Lemon |
| 39. | Current 2 in 1 Chatpat Chk Noodles 60g | 39. | Himgiri No.1 TS 50*96 Sandal |
| 40. | Current 3x spicy chk 100g x 20p-B | 40. | Meltblown Nosewire Mask 50 pcs (Box) |
| 41. | current 3x spicy chk Noodles 100g x 20p | 41. | Phool Prasad Cone Incense Multi Fragrance (100 ropes & a stand) |
| 42. | Current Achari Sticks 80g | 42. | Phool Prasad Gift Box |
| 43. | Current Buckwheat Chips 60g | 43. | Phool Prasad Laxmi Puja Samagri |
| 44. | Current Cheese & Butter Noodles 100g | 44. | Phool Prasad Rope Incense Multi Colour (100 ropes & a stand) |
| 45. | Current Cheese Ball 60g | 45. | Phool Prasad Single Rope Incense Anthopogon |
| 46. | Current Chk Noodles 60g | 46. | Phool Prasad Single Rope Incense Astasughandha |
| 47. | Current Chk 2X Spicy Noodles 100g | 47. | Phool Prasad Single Rope Incense Camphor |
| 48. | Current Chk 3X Spicy Noodles 100g | 48. | Phool Prasad Single Rope Incense Juniper |
| 49. | Current Chk H&S Noodles 100g | 49. | Phool Prasad Single Rope Incense Marigold |
| 50. | Current Finger Millet Chips 75g | 50. | Phool Prasad Single Rope Incense Mugwort |
| 51. | Current Hot & Lemon Sticks 80g | 51. | Phool Prasad Single Rope Incense Sandwood |
| 52. | Current Hot & Spicy Sticks 80g | 52. | Phool Prasad Single Rope Incense Stoneapple |
| 53. | Current Masala Munch Sticks 80g | 53. | Phool Prasad Tibetan Incense Anthopogon (10 Sticks) |
| 54. | Current Potato Chips -Magic Masala 45g | 54. | Phool Prasad Tibetan Incense Astasugandha (10 Sticks) |
| 55. | Current Potato Chips -Tangy Tomato 45g | 55. | Phool Prasad Tibetan Incense Juniper (10 Sticks) |
| 56. | Current Potato Cracker 50g | 56. | Phool Prasad Tibetan Incense Mugwort (10 Sticks) |
| 57. | Current Potato Sticks 50g | 57. | Phool Prasad Tibetan Incense Sandwood (10 Sticks) |
| 58. | Current Veg H & L Noodles 100g | 58. | Xtraa Active Detergent Powder 1000 gram |
| 59. | Current Veg Masala Curry Noodles 60gram | 59. | Xtraa Active Detergent Powder 400(Daisy) |
| 60. | DDC Batta Ghee 1 Ltr | 60. | Xtraa Active Detergent Powder 4000 gram (Bucket) |
| 61. | DDC Batta Ghee 500 ML | 61. | Xtraa Diswash Tub 500 gram |

| | | | |
|---|---|---|---|
| 62. | DDC Butter 1 kg (Khulla Makhan) | 62. | Xtraa Laundry Soap 250 gram  Cream |
| 63. | DDC Ghee | 63. | Xtraa Lemon Laundry Soap 200 gram |
| 64. | DDC Kanchan Cheese 200 gram | 64. | Xtraa Orange Laundry Soap 200 gram |
| 65. | DDC Kanchan Cheese 500 gram | 65. | Roller Ball Pen - ०.५  mm (Red-Fine) |
| 66. | DDC Lalmohan Batta ( 10 Piece) | 66. | Deli-Roller Ball Pen - ०.५  mm (Black-Fine) |
| 67. | DDC Paneer 200 gram | 67. | Deli-Roller Ball Pen - ०.५  mm (Black-Fine) |
| 68. | DDC Paneer 500 gram | 68. | Deli-Alakaline Battery AAA/LR03, 2Pcs |
| 69. | DDC Peda 200 gram | 69. | Deli-Alakaline Battery AA/LR6, 2Pcs (Blue) |
| 70. | DDC PP Bottle Fresh Milk 200 ml | 70. | Deli-Binder Clips 32mm (Black) |
| 71. | DDC Rasbari Batta 10 Piece | 71. | Deli-Binder Clips 51mm (Black) |
| 72. | DDC Table Butter 200 gram | 72. | Deli-Binder Clips 25mm (Black) |
| 73. | DDC Yak Cheese 100 gram | 73. | Deli-Binder Clips 41mm (Black) |
| 74. | DDC Yak Cheese 200 gram | 74. | Deli-Calculator Plastic 12 Digits (Black) |
| 75. | DDC Yak Cheese 500 gram | 75. | Deli-Calculator Metal 14 Digits (Gray) |
| 76. | Dry Apple 115 Gram | 76. | Deli-Call Bell 80x80x55 mm |
| 77. | Dry Apple 50 Gram | 77. | Deli-Correction Fluid 8 ml (A) |
| 78. | Familar Kalo Namak Rice 1 k.g. | 78. | Deli-Correction Fluid 8 ml (B) |
| 79. | Familiar Anadi Chamal 1 k.g. | 79. | Deli-Cutter 8 snap-off blades |
| 80. | Familiar Bhir Maha 1000gram | 80. | Deli-Display Book A4-20 Pages |
| 81. | Familiar Chamalako Pitho 1 k.g. | 81. | Deli-Display Book A4-40 Pages |
| 82. | Familiar Chicken  Masala 50 gram | 82. | Deli-Display Book A4-60 Pages |
| 83. | Familiar Faparko Pith 1 k.g. | 83. | Deli-Box File (Blue) |
| 84. | Familiar Fish Masala 50 gram | 84. | Deli-File Bag A4 Transparent (A) |
| 85. | Familiar Gahuko Dana1 k.g. | 85. | Deli-File Bag FC Transparent |
| 86. | Familiar Gahuko Pitho 1 k.g. | 86. | Deli-File Bag A4 Transparent (B) |
| 87. | Familiar Garam  Masala 50 gram | 87. | Deli-Bill Fork 7.6x1.2x14.2 cm (Silver) |
| 88. | Familiar Ginger Garlic Paste 100 gram | 88. | Deli-Glue Stick 20GM (White) |
| 89. | Familiar Ginger Garlic paste 400 gram | 89. | Deli-Glue Stick 36GM (White) |
| 90. | Familiar Ginger Garlic Paste 50 gram | 90. | Deli-Highlighter Chisel tip 1-5mm (Yellow) |
| 91. | Familiar Glucose 500 gram | 91. | Deli-OneHole Punch 8 Sheets 6 mm 1Pcs |

| | | | |
|---|---|---|---|
| 92. | Familiar Green Tea 100 gram | 92. | Deli-File Tray 325mm 241mm 255mm |
| 93. | Familiar Gulab Jal Normal 120 ml | 93. | Deli-Magzine Holder 255*260*278mm |
| 94. | Familiar Gulab Jal Spray 120 ml | 94. | Deli-Pen Holder 91x98mm (Black) |
| 95. | Familiar Gulab Jal Spray 500 ml | 95. | Deli-Business Card Holder Transparent |
| 96. | Familiar Gundruk 334 gram | 96. | Deli-Paper Clips No. 3 29mm |
| 97. | Familiar Gundruk 350 gram | 97. | Deli-Graphite Pencil HB w/eraser |
| 98. | Familiar Gundruk 400 gram | 98. | Deli-Office Pins No. 2, 24mm, 1inch (Silver) |
| 99. | Familiar Jauko Pitho 1 k.g. | 99. | Deli-Heavy Duty Punch 150 sheets, 80mm, |
| 100. | Familiar Junar Juice 1 ltr. | 100. | Deli-Heavy Duty Punch 100 sheets, 80mm, |
| 101. | Familiar Kiwi Juice 250 ml | 101. | Deli-Punch 35 sheets, 80mm, 5.5 mm |
| 102. | Familiar Kiwi Juice 500 ml | 102. | Deli-Punch 20 sheets, 80mm, 5.5 mm |
| 103. | Familiar Kodoko Dana 1 k.g. | 103. | Deli-Scissors 210mm |
| 104. | Familiar Kodoko Pitho 1 k.g. | 104. | Deli-Scissors 180mm |
| 105. | Familiar Lasun 500 gram | 105. | Deli-Numbering Machine Ink 40ml (Black) |
| 106. | Familiar Lemon Juice 1 ltr. | 106. | Deli-Stamp Ink 40ml (Red) (A) |
| 107. | Familiar Local Basmati Chamal 1 k.g. | 107. | Deli-Stamp Ink 40ml (Red) (B) |
| 108. | Familiar Makaiko Pitho 1 k.g. | 108. | Deli-Staples 23 (Silver) (A) |
| 109. | Familiar Marsi Chamal | 109. | Deli-Staples No. 10 |
| 110. | Familiar MO:MO  Masala 50 gram | 110. | Deli-Staple 23 (Silver) (B) |
| 111. | Familiar Multi Meat Masala 80 gram | 111. | Deli-Staple 24/6 |
| 112. | Familiar Mutton  Masala 50 gram | 112. | Deli-Heavy Duty Stapler 120 sheets (White) |
| 113. | Familiar Nauni Ghee 1 k.g. | 113. | Deli-Heavy Duty Stapler 210 Sheets (B/W/G) |
| 114. | Familiar Pokhreli Chamal 1 k.g. | 114. | Deli-Stapler 15 sheets (W/B/B) |
| 115. | Familiar Rato Makaiko Chyankhla 1 k.g. | 115. | Deli-Stapler 25 sheets, 21/6 & 26/6 (Black) |
| 116. | Familiar Sabji  Masala 50 gram | 116. | Deli-Staples Remover 25 sheets (W/B/B) |
| 117. | Familiar Sakhar | 117. | Deli-Tape Despenser 120*57*60mm (A) |
| 118. | Familiar Seto Makaiko Chyankhla 1 k.g. | 118. | Deli-Tape Despenser 120*57*60mm (B) |
| 119. | Familiar Taichin Chiura | 119. | Deli-Thumb Tacks No. 3 10mm 3/8 inch |
| 120. | FAMOUS GROUSE 1000 ML | 120. | Push Pin (50 Pcs Pack) |
| 121. | GORDONS GIN 1000 ML | 121. | A4 Copier Paper 80 GSM 210MM*LTH 297MM ₹A4 Copier Paper 80 GSM 210MM*LTH 297MM€ |

| | | | |
|---|---|---|---|
| 122. | Grand Chicken Soup 50 gram | | |
| 123. | Grand Fengureek PIckle 100 gram | | |
| 124. | Grand Mix Vegetable Soup 50 gram | | |
| 125. | Grand Mushroom Soup 50 gram | | |
| 126. | Grand Tomato Soup 50 gram | | |
| 127. | Himalayan Anadi Chamal 1 k.g. | | |
| 128. | Himalayan Basmati Chamal 2 k.g. | | |
| 129. | Himalayan Basmati Rice 20 k.g. | | |
| 130. | Himalayan Black Rice | | |
| 131. | Himalayan Bodi Dana 1 k.g. | | |
| 132. | Himalayan Chhirke Simi Dal 1 k.g. | | |
| 133. | Himalayan Chhirke Simi Dana 1 k.g. | | |
| 134. | Himalayan Gahat 1 k.g. | | |
| 135. | HIMALAYAN KALANAMAK 2 k.g. | | |
| 136. | Himalayan Kalanamak Chamal 5 k.g. | | |
| 137. | Himalayan Kalanamak Rice 20 k.g. | | |
| 138. | Himalayan Kalo Bhatmas 1 k.g. | | |
| 139. | Himalayan Khairo Bhatmas 1 k.g. | | |
| 140. | Himalayan Khumalchar Chamal 2 k.g. | | |
| 141. | Himalayan Khumalchar Chamal 5 k.g. | | |
| 142. | Himalayan Kodoko Pitho 1 k.g. | | |
| 143. | Himalayan Lukla Simi Dana 1 k.g. | | |
| 144. | Himalayan Masuro Dal 1 k.g. | | |
| 145. | Himalayan Masyang Dana 1 k.g. | | |
| 146. | Himalayan Mithe Fapar Pitho 1 k.g. | | |
| 147. | Himalayan Pahelo Makaiko Chyankhla 1 k.g. | | |
| 148. | Himalayan Pokhreli Chamal 2 k.g. | | |
| 149. | Himalayan Pokhreli Rice 25 k.g. | | |
| 150. | Himalayan Sano Kerau | | |
| 151. | Himalayan Seto Makaiko Chyankhla 1 k.g. | | |

| | | | |
|---|---|---|---|
| 152. | Himalayan Taichin Chamal 1 k.g. | | |
| 153. | Himalayan Taichin Chiura 1 k.g. | | |
| 154. | Himalayan Taichin Chiura 1/2 k.g. | | |
| 155. | Himalayan Til 1 k.g. | | |
| 156. | Himalyan Mixed simi | | |
| 157. | JACK DANIEL 1000 ML | | |
| 158. | JW BLACK LABEL 1000 ML | | |
| 159. | JW BLACK LABEL 1125 ML | | |
| 160. | Kasturi Mutta Incense Sticks | | |
| 161. | Long Grain Basmati Rice 20 K.G. | | |
| 162. | Long Grain Rice | | |
| 163. | Madhyam Dhan | | |
| 164. | Mas Dal | | |
| 165. | Masuro Dal (Thulo ) | | |
| 166. | Mota Dhan | | |
| 167. | Mung Khosta Dal | | |
| 168. | Mustard Oil (Shanti) | | |
| 169. | Navaras Asthamandal 400 grm | | |
| 170. | Navaras Kwanti Roll 500 grm | | |
| 171. | Navaras Pure Honey 500 grm | | |
| 172. | Navaras Whole Garlic Pickle 400 grm | | |
| 173 | Navaras Bamboo Shoot 400 grm | | |
| 174. | Navaras Buff Meat pickle 400 grm | | |
| 175. | Navaras chicken pickle 375 grm | | |
| 176. | Navaras Fish Pickle 150 grm | | |
| 177. | Navaras Garlic Pickle 400 grm | | |
| 178. | Navaras Gundruk & Fish Pickle 200 grm | | |
| 179. | Navaras Gundruk Pickle 200 grm | | |
| 180. | Navaras Hot chilli Masala 400 grm | | |
| 181. | Navaras Hot lemon pickle 400 grm | | |
| 182. | Navaras Karela pickle 400 grm | | |

| | | | |
|---|---|---|---|
| 183. | Navaras Lapsi Chutney 500 grm | | |
| 184. | Navaras Mango Chutney 500 grm | | |
| 185. | Navaras Mango Masala 400 grm | | |
| 186. | Navaras Masala Pickle 400 grm | | |
| 187. | Navaras Methi Masala 400 grm | | |
| 188. | Navaras Methi Pickle 400 grm | | |
| 189. | Navaras Mixed Pickle 1200 grm | | |
| 190. | Navaras Mixed Pickle 400 grm | | |
| 191. | Navaras Mixed Veg Pickle 400 grm | | |
| 192. | Navaras Mixed Methi Masala Pickle 400 grm | | |
| 193. | Navaras Prawn Pickle 200 grm | | |
| 194. | Navaras Radish Pickle 750 grm | | |
| 195. | Navaras Sweet lapsi Pickle 450 grm | | |
| 196. | Navaras Sweet Mango Chutney 500 grm | | |
| 197. | Navaras Sweet Mixed Chutney 500 grm | | |
| 198. | Navaras Thai Chilli 200 gm | | |
| 199. | Navaras Timurko Chhop 100 grm | | |
| 200. | Navaras Timurko Chhop 200 grm | | |
| 201. | Nebico Cashew Cookies 200 Gm(ATC) (12 pkt ) | | |
| 202. | NEBICO BITES CHCOCHIPS COOKIES 12 PC | | |
| 203. | Nebico Butter Cookies 150 Gm (PS) (24 pkt) | | |
| 204. | Nebico Butter Cookies 200 Gm (ATC) (12 pkt) | | |
| 205. | Nebico Butter Cookies 300 GM ( VP )(12 pkt) | | |
| 206. | NEBICO BUTTER CRACKER (25+10) GRM 10 PC | | |
| 207. | Nebico Cashew Cookies 120 Gm. (PS) (24 pkt) | | |
| 208. | Nebico Chocolate Cookies 120 Gm. (PS) (24 pkt) | | |
| 209. | Nebico Chocos 250 Gram (12 Jar) | | |
| 210. | Nebico Chocos 350 Gram (ATC) | | |
| 211. | Nebico Coconut Cr. 250+10 Gm. (ATC) (12 pkt) | | |
| 212. | Nebico Coconut Cr. 200 GM.(24 Pk) | | |
| 213. | NEBICO COCONUT CRUNCHEES 75 GRM(Y) 10 PC | | |

| | | | |
|---|---|---|---|
| 214. | Nebico D-20/- Digestive 75 gm (8*10) | | |
| 215. | Nebico D-cent Digestive 250 Gm.(12 Pkt) | | |
| 216. | Nebico Digestive sugar Free 200 Gm.(12pkt) | | |
| 217. | NEBICO GLUCOSE BISCUITS(25+15) GRM 10 PC | | |
| 218. | Nebico Jeera Cookies 150 Gm (PS) (24 pkt) | | |
| 219. | Nebico Jeera Cookies 300 Gm ( VP ) (12 Pkt) | | |
| 220. | NEBICO KHAJA (25+10) GRM 10 PC | | |
| 221. | NEBICO MARIE (25+15) GRM 10 PC | | |
| 222. | Nebico Muesli 350 Gram (1*8 Jar) | | |
| 223. | NEBICO SALTINO (25+7) GRM 12 PC | | |
| 224. | Nebico Stay Fit 75 Gm.(8*10) | | |
| 225. | Nebico sugar free Cracker 300 Gm. (12 pkt) | | |
| 226. | NEBICO THIN ARR (25+15) GRM 10 PC | | |
| 227. | Nebico Trekker's Choice 60 gm.(8*10) | | |
| 228. | Nebico Trekkers Choice 75 gm(10 pc) | | |
| 229. | Nebico Veggie Cracker 60+3 Gm.(8*10) | | |
| 230. | NICHAL BESHAR 200 GRM | | |
| 231. | Nichal Beshar 500 GRM | | |
| 232. | NICHAL MASALA TEA 1000 GRM | | |
| 233. | NICHAL MASALA TEA 500 GRM | | |
| 234. | Nischal Dhaniya 200GRM | | |
| 235. | Phool Prasad Bhai Tika Puja Samagri | | |
| 236. | PITHO 5 KG(MAN SHREE) | | |
| 237. | Qwanti | | |
| 238. | Rahar Dal | | |
| 239. | Salt | | |
| 240. | Sano Normal Plastic Bora | | |
| 241. | Soyabean Oil | | |
| 242. | STC BODI(KHULLA) | | |
| 243. | Steam Jeera Masino chamal | | |
| 244. | Sugar | | |

| | | | |
|---|---|---|---|
| 245. | Suruchi Mustard Oil | | |
| 246. | Suruchi Soyabean Oil | | |
| 247. | Suruchi Sunflower Oil | | |
| 248. | TEACHERS 1000ML | | |
| 249. | Tia Kasturi Pineapple Twirl Incense Sticks | | |
| 250. | Tia Kasturi Sandal Twirl Incense Sticks | | |
| 251. | VAT 69 1000 ML | | |
| 252. | VHELPA JEERA DANA 500 GRM | | |
| 253. | WELDONE GOLD TEA 1 K.G. | | |
| 254. | WELDONE GOLD TEA 500 GRM | | |
| 255. | Zoopy Chk 2X Spicy Noodles 60g | | |

### ६. सेवा प्राप्त गर्ने शाखा र जिम्मेवार अधिकारीः

यस कम्पनीको केन्द्रीय कार्यालय भद्रकाली प्लाजा, काठमाडौंमा रहेको छ। कम्पनीले देशभर रहेका आफ्ना प्रादेशिक, मुख्य शाखा, शाखा कार्यालयहरू बमोजिम सेवा उपलब्ध गराउँदै आएको छः

- **केन्द्रीय कार्यालयः** भद्रकाली प्लाजा, काठमाडौं बाट नीतिगत निर्णय, समन्वय र अनुगमन सम्बन्धी सेवा प्रदान गरिन्छ।
- **प्रादेशिक कार्यालयहरूः** देशका सातै प्रदेशमा रहेका प्रादेशिक कार्यालयहरू क्रमशः विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, भैरहवा, सुर्खेत र धनगढी मार्फत खाद्यान्न खरिद,विक्री र भण्डारणका कार्य गरिन्छ।
- **मुख्य शाखा तथा शाखा कार्यालयहरूः** जिल्ला स्तरमा रहेका मुख्य शाखा, शाखा कार्यालय र डिपोहरू बाट खाद्यान्न खरिद, भण्डारण र बिक्री वितरणका कार्य गरिन्छ।
- **बिक्री काउन्टरहरूः** उपभोक्ताहरूले प्रत्यक्ष खाद्यान्न खरिद गर्नका लागि विभिन्न स्थानमा रहेका कम्पनीका स्थायी बिक्री कक्षहरू मार्फत नागरिकलाई आवश्यक पर्ने खाद्यान्न उपलब्ध गराइन्छ।
- **अनलाइन सेवा (E-commerce):** "नेपाल फूड (Nepal Food)" मार्फत अनलाइन माग संकलन र होम डेलिभरी सेवा- काठमाण्डौं, पोखरा, र सुर्खेतमा प्रदान।

- **जिम्मेवार अधिकारी:** * केन्द्रीय स्तरमाः प्रमुख कार्यकारी अधिकृत तथा सम्बन्धित विभागीय प्रमुखहरू जिम्मेवार रहने।
    - कार्यालय स्तरमाः सम्बन्धित प्रादेशिक कार्यालय प्रमुख, मुख्य शाखा प्रमुख वा शाखा प्रमुख।
- **सम्पर्क विवरणः** कम्पनीको विस्तृत सम्पर्क नम्बर, कार्यालयहरूको ठेगाना र इमेल सम्बन्धी विवरण कम्पनीको आधिकारिक वेबसाइट **https://www.fmtc.org.np/** मा राखिएको छ।

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाहरूको दस्तुर र सो प्राप्त गर्न लाग्ने समयको विवरण देहाय बमोजिम रहेको छः

- **सेवाको दस्तुरः** कम्पनीले बिक्री गर्ने खाद्यान्न चामल, दाल, गेडागुडी, तेल आदि आइटमको मूल्य नेपाल सरकार र कम्पनीको सञ्चालक समितिले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ। खाद्यान्नको पछिल्लो बिक्री मूल्य सम्बन्धी विवरण कम्पनीको आधिकारिक वेबसाइट **https://www.fmtc.org.np/** मा राखिएको छ।
- **सेवा प्रदान गर्न लाग्ने समयः** उपभोक्तालाई खाद्यान्न बिक्री गर्ने वा अन्य प्रशासनिक सेवा प्रदान गर्ने सम्बन्धमा सेवा सञ्चालन गर्ने हरेक कार्यालय र बिक्री काउन्टरहरूमा **नागरिक बडापत्र (Citizen Charter)** राखिएको छ। साधारणतयाः
    - खाद्यान्न खरिद/बिक्रीको हकमाः कार्यालय समयभित्र **तुरुन्तै**-काठमाण्डौंमा थापाथली र रामशाह पथमा सबेर देखी अबेर सम्म भन्ने मूलमन्त्रका साथ विहान देखी साझसम्म २ सिफ्टमा सेवा प्रदान।
    - प्रशासनिक वा उजुरी सम्बन्धी कार्यको हकमाः नागरिक बडापत्रमा तोकिएको समय सीमा भित्र।
- **सहुलियत दरः** दुर्गम जिल्लाहरूमा सहुलियत दरमा वितरण गरिने खाद्यान्न र चाडपर्वमा सञ्चालन गरिने सुपथ मूल्य पसलको विशेष छुट सम्बन्धी जानकारी सार्वजनिक सूचनामार्फत गराइनेछ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

खाद्य आपूर्ति तथा व्यापारिक सेवा प्रदान गर्ने सिलसिलामा विभिन्न चरणमा गर्नुपर्ने निर्णयहरूलाई प्रचलित ऐन, कम्पनीको प्रबन्धपत्र, विनियमावली तथा स्वीकृत कार्यविधिको आधारमा प्रक्रिया मिलाइएको छ। निर्णय गर्ने तह र अधिकारीको विवरण देहाय बमोजिम रहेको छः

- **नीतिगत निर्णयः** कम्पनीको दीर्घकालीन योजना, वार्षिक बजेट, मूल्य निर्धारण र नीतिगत विषयमा **सञ्चालक समिति (Board of Directors)** अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ।
- **कार्यकारी निर्णयः** कम्पनीको दैनिक प्रशासनिक कार्य, कर्मचारी परिचालन र सञ्चालक समितिले दिएको अख्तियारी बमोजिमका निर्णयहरू **प्रमुख कार्यकारी अधिकृत** बाट हुने गर्दछ।
- **प्रशासनिक तथा प्राविधिक निर्णयः** विभागीय कार्यहरू, खरिद प्रक्रिया र प्राविधिक विषयमा सम्बन्धित **विभागीय प्रमुख (Director/Manager)** वा **प्रादेशिक प्रमुखहरू**ले तोकिएको कार्यविधि बमोजिम निर्णय गर्दछन्।
- **निर्णयको आधारः** सबै निर्णयहरू 'खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रबन्धपत्र तथा नियमावली', 'कर्मचारी सेवा विनियमावली', र 'आर्थिक प्रशासन विनियमावली' का प्रावधानहरूको अधीनमा रही गरिन्छ।

## ९. निर्णय विरुद्ध उजुरी सुन्ने अधिकारीः

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** कम्पनी व्यवस्थापनबाट भएको निर्णय उपर चित्त नबुझेमा सञ्चालक समिति समक्ष पुनरावेदन गर्न सकिने व्यवस्था रहेको छ । ग्राहक गुनासोको हकमा सम्बन्धित कार्यालय प्रमुख वा गुनासो सुन्ने अधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था छ ।

**१०. सम्पादन गरेको कामको विवरणः**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको आ.व. २०८२/८३ को अर्ध-वार्षिक प्रगति प्रतिवेदन अनुसार कम्पनीका मुख्य खरिद र विक्री कार्यहरू निम्नानुसार रहेका छन्ः

### क. खरिद कार्यहरू (**Procurement**)

कम्पनीले किसानहरूलाई उचित मूल्य दिलाउन र खाद्य मौज्दात कायम राख्न विभिन्न वस्तुहरू खरिद गरेको छः

- **धान खरिदः** सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा कम्पनीका १० वटा कार्यालयमार्फत **१४४५९.८९५ मे.टन** (१,४४,५९८.९५ क्विन्टल) धान खरिद गरिएको छ।
- **चामल र अन्य खाद्यान्नः** कम्पनीले ४९४.० **मे.टन चामल** र **१७६.० मे.टन चिनी गंहुँ** २४१.०९२ **मे.टन** खरिद गरेको छ।
- **रैथाने बालीः** स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न **४७.४५९मे.टन** खरिद गरिएको छ।
- **तेल र घिउः** विभिन्न प्रकारका तेल (तोरी, सनफ्लावर, भटमास) र घिउ गरी कुल **२६७,६०० लिटर** खरिद गरिएको छ।
- **अन्तर्राष्ट्रिय खरिदः** २,००० मे.टन दाल र १०,००० मे.टन चिनी अन्तर्राष्ट्रिय बोलपत्रमार्फत खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

### ख. विक्री तथा वितरण कार्यहरू (**Sales & Distribution**)

आपूर्ति व्यवस्थापन र मूल्य नियन्त्रणका लागि कम्पनीले निम्न वितरण कार्यहरू गरेको छः

- **सुपथ मूल्य पसलः** बजारमा मूल्य वृद्धि नियन्त्रण गर्न संचालित सुपथ मूल्य पसलहरूबाट ८,**३१**४.**१**० **मे.टन खाद्यान्न** विक्री गरिएको छ, जसमा ग्राहकहरूले कुल **रु. ३ करोड** ९९ **लाख** ४७ **हजार** बराबरको छुट पाएका छन्।
- **निःशुल्क खाद्यान्न वितरणः** कर्णाली प्रदेशका ५ दुर्गम जिल्लाहरू (कालीकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा) मा जन्म र मृत्यु संस्कारका समयमा **११२.५० मे.टन खाद्यान्न** निःशुल्क वितरण गरिएको छ।

- **दुर्गममा ढुवानीः** सरकारले तोकेका २६ दुर्गम जिल्लाहरूमा **१८७३८.८६ मे.टन खाद्यान्न** ढुवानी गरी बिक्री वितरणको व्यवस्था मिलाइएको छ।
- **स्तरोन्नति गरिएको चामलः १,५७८.५ मे.टन** स्तरोन्नति (Fortified) गरिएको चामल सहुलियत मूल्यमा सर्वसाधारणलाई उपलब्ध गराइएको छ।
- **जी टू जी (G to G) सम्झौताः** आगामी प्रतिनिधि सभा निर्वाचन-२०८२ का लागि आवश्यक सामग्री आपूर्ति गर्न निर्वाचन आयोगसँग सम्झौता भई कार्य सम्पन्न भएको।

**११. सूचना अधिकारी र प्रमुखको नाम, पदः**

यस कम्पनीको केन्द्रीय कार्यालयमा रहेका प्रमुख र सूचना अधिकारीको विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सर्मिला न्यौपाने (सुवेदी) | ०१-५३६२९९२ |
| २ | सूचना अधिकारी | माधव मिश्र | ९८५१३१९३१३ |

**१२. ऐन, नियम, निर्देशिका वा कार्यविधिहरूको सूचीः**

**क) संवैधानिक तथा नीतिगत व्यवस्था**

- **नेपालको संविधानः** संविधानको धारा ३६ मा भएको खाद्य सम्बन्धी हकको व्यवस्था।
- **आपूर्ति नीतिः** नेपाल सरकारको आपूर्ति नीति।
- **नेपाल सरकारका निर्देशनः** सरकारबाट समय-समयमा प्राप्त हुने निर्देशनहरू।

ख) कम्पनी सञ्चालन सम्बन्धी विनियमावलीहरू

- प्रबन्धपत्र तथा नियमावली

- कर्मचारी सेवा शर्त र सुबिधा सम्बन्धी विनियमावली-२०७९
- खरिद तथा आर्थिक प्रशासन विनियमावली -२०७९

ग) व्यावसायिक तथा व्यापारिक ऐन र नियमहरू

- **कम्पनी ऐन, २०६३**: कम्पनी दर्ता र सञ्चालनका लागि।
- **उपभोक्ता संरक्षण ऐन, २०७५**: उपभोक्ताको हित संरक्षण र मूल्य स्थिरीकरणका लागि।
- **सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६४**: खाद्यान्न खरिद, ढुवानी र बोलपत्र प्रक्रियाका लागि।
- **खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५**: खाद्य वस्तुको गुणस्तर र स्वच्छता कायम गर्न।

घ) सुशासन तथा आपूर्ति निर्देशिकाहरू

- **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४**: प्रशासनिक पारदर्शिता र उत्तरदायित्वका लागि।
- **विद्युतीय कारोबार ऐन, २०६३**: Office Automation र अनलाइन प्रणाली सञ्चालनका लागि।
- **नेपाल लेखामान (NFRS):** वित्तीय प्रतिवेदन तयार गर्ने सम्बन्धी मापदण्ड
- अधिकृत विक्रेता (डिलरशिप) नियुक्ति सम्बन्धी निर्देशिका, २०८१
- सहुलियत मूल्य पसल सञ्चालन निर्देशन

## १३.आर्थिक कारोबार सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | वार्षिक लक्ष्य | | असार महिनासम्मको प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | भौतिक | भौतिक प्रतिशत | वित्तीय | वित्तीय प्रतिशत | |
| १ | ४.१.१गैर वित्तीय संस्थान चालु सहायता (खाद्यान्न ढुवानी कार्यक्रम) | १८८३० | ३६४८ | १८७३८.८६ | ९९.५१ | २१४२.६१ | ९८.७६ | |
| | २.७.२८ विविध कार्यक्रम | | | | | | | |
| २ | २.७.२८.२ राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दात खाद्यान्नको ब्याज खर्च | २५००० | ४८५ | १६४२२.८० | ६५.६९ | ४८५.९३ | १०० | |
| ३ | २.७.२८.३ राष्ट्रिय खाद्य सुरक्षा भण्डार र सार्क खाद्य बैंकमा मौज्दात खाद्यान्नको सञ्चालन खर्च | ३३००० | २४० | २४४२२.८० | ७४.०१ | ३२९.४७ | ७४.८९ | |
| ४ | २.७.२८.३३० वर्षैंभरी सहुलियत (छुट) मूल्य पसल सञ्चालन | ३६०० | ३९९.७४ | ८३१४.१० | २३०.९४ | ३९९.४७ | १०० | |
| ५ | २.७.२८.३२५ डिलर/सहकारी मार्फत सहुलियत मुल्यमा खाद्य वस्तु विक्री वितरण | ३७७७ | २२.१० | २६.२० | ०.६९ | २१.६६ | ९८ | |
| ६ | २.७.२८.३२८ स्तरोन्नती गरिएको चामलको प्रवर्धन | २००० | १०० | १३७४.०८ | ६८.७० | ९४.२७ | ९४.२७ | |
| ७ | २.७.२८.३३२ कर्णाली प्रदेशका कालीकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पामा हरेक जन्म र मृत्युमा प्रति घटना ३० के.जी.का दरले निःशूल्क वितरण गरिने खाद्यान्नको लागि | २५० | १०० | ११२.५० | ४५ | ११०.४३ | ११०.४३ | |

१. गत आ.व.२०८१/८२ मा ४३ जिल्लाको ६१ स्थानमा सहुलियत छुट मूल्य पसल सञ्चालन भएकोमा, सहुलियत छुटलाई बढी व्यापकता दिई दुर्गमका नागरिकलाई राहत दिन चालु आ.व.२०८२/८३ मा ४५ जिल्लाको १११स्थानमा सहुलियत छूट पसल सञ्चालन गर्दा बढी रकम खर्च हुने भएकोले सहुलियत छुटमा बढी रकम खर्च हुने बजेट LMBIS अन्तर्गत खर्च शीर्पक विविध कार्यक्रम खर्च २२५२९ को कार्यक्रम/क्रियाकलाप नं. २.७.२८.३२५ डिलर/सहकारी मार्फत सहुलियत मूल्यमा खाद्यवस्तु बिक्री बितरण गर्ने कार्यक्रमबाट रकमान्तर भई सहुलियत

छुटमा बिक्री वितरण गरिएको।

.स्तरोन्नती गरिएको चामलको प्रबर्धनमा बिक्री मूल्यमा छुट दिई बिक्री वितरण गरिएको।

## १४. कम्पनीको वेबसाइट सम्बन्धी विवरणः

- कम्पनीको आधिकारिक वेबसाइट https://fmtc.org.np/ रहेको छ साथै कम्पनीको Online Potal www.nepalfoods.gov.np समेत रहेको छ।
- यस वेबसाइटमार्फत कम्पनीले आफ्नो परिचय, सेवाहरू र सूचनाहरू सार्वजनिक गर्ने गर्दछ साथै Online Potal मार्फत कम्पनीको अनलाई बिक्री, होम डेलिभरी समेत रहेको छ।
- कम्पनीले आफ्नो सम्पत्ति व्यवस्थापन सफ्टवेयर मार्फत विवरणहरू डिजिटाइज गर्ने र भाडा प्रक्रियालाई अनलाइन गर्ने व्यवस्था मिलाएको छ।

## १५. कम्पनीका सूचनाहरू प्रकाशन सम्बन्धी विवरणः

- कम्पनीका वार्षिक कार्यक्रम, नीति तथा प्रगति विवरणहरू नियमित रूपमा वेबसाइटमार्फत सार्वजनिक गर्ने गरिएको छ।
- सार्वजनिक बोलपत्र (Tender), खरिद प्रक्रिया र सूचनाहरू राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरू र वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ।
- कम्पनीले सरकारद्वारा तोकिएका न्यूनतम समर्थन मूल्य र सुपथ मूल्य पसलका छुट सम्बन्धी जानकारीहरू सार्वजनिक रूपमा उपलब्ध गराउँछ।

## १६. सूचनाको हक र पारदर्शिता सम्बन्धी विवरणः

कम्पनीले सूचनाको हक सम्बन्धी ऐन र सुशासनको मान्यता अनुरुप पारदर्शिता कायम गर्न **Office Automation System** को प्रक्रियामा रहेको र विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था (E-payment) कार्यान्वयनमा ल्याएको छ।

- कम्पनीका १३२ विक्री कक्षहरूमा सबैमा कम्प्युटरीकृत बिलिङ प्रणाली सुचारु गरी कारोबारलाई पारदर्शी र व्यवस्थित बनाइएको छ।
- देशभर रहेका जग्गा, जमिन, र भवन जस्ता अचल सम्पत्तिहरूको सम्पूर्ण विवरणलाई डिजिटाइज गरी अद्यावधिक गरिएको छ।

## १७. कम्पनीमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

यस कम्पनीको केन्द्रीय कार्यालयमा यस अवधिमा १ जनाबाट लिखित सूचना तथा जानकारीको माग निवेदन प्राप्त भएकोमा सोको समयमै जवाफ दिनुका साथै मौखिक रूपमा माग गरिएका सूचना नियमानुसार उपलब्ध गराइएको छ।